# गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९

## (पहिलो संशोधन, २०८०)

आर्थिक ऐन, २०७९ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी उपभोक्तालाई विद्युतीय सेवा उपलब्ध गराउने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था गरेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०ख१., दफा १८ को उपदफा (१ख) तथा दफा १९ को उपदफा (७ख) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "**गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ।

(ख) यो कार्यविधि तत्काल लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपभोक्ता" भन्नाले वस्तु तथा सेवाको उपभोग गर्ने सामान्य बसोवासको स्थान नेपाल रहेको व्यक्ति सम्झनु पर्छ।

तर व्यावसायिक प्रयोजन वा व्यवसायमा प्रयोग गर्न छुट्टै प्रबन्धद्वारा खरिद गर्ने व्यक्तिलाई उपभोक्ता मानिने छैन।

(ख) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ।

(ग) "कर" भन्नाले ऐन बमोजिम लाग्ने मूल्य अभिवृद्धि कर सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उपमहानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई समेत जनाउँछ।

(ङ) "कर अवधि" भन्नाले ऐनको दफा १८ बमोजिमको प्रत्येक नेपाली महिना सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले ठूला करदाता कार्यालय सम्झनु पर्छ।

(छ) "कारोबार" भन्नाले देहाय बमोजिमको कुनै एक अवस्था पूरा भई विद्युतीय सेवाको आपूर्तिको स्थान नेपाल मानिने गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवा सम्झनु पर्छः-

१) नेपालभित्र सेवा प्राप्त गरेमा,

२) नेपालको ठेगानामा बीजक जारी गरेमा,

३) नेपालको बैंकमा भएको बैंक खाता र रकम भुक्तानीका लागि अनुमति प्राप्त संस्था तथा निकायबाट रकम भुक्तानी भएमा,

४) नेपालको बैक तथा अनुमति प्राप्त भुक्तानी प्रदायक संस्था तथा निकायबाट जारी भएको डेविट कार्ड, क्रेडिट कार्ड वा अन्य यस्तै कार्ड मार्फत भुक्तानी भएमा,

५) नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्राप्त गरेमा,

६) नेपालको कोड भएको सिम कार्ड वा नेपालको ल्याण्डलाईन टेलिफोन प्रयोग गरी सेवा प्राप्त गरेमा।

(ज) "गैरबासिन्दा व्यक्ति" भन्नाले नेपालमा कारोबारको स्थायी ठेगाना नभएको, व्यवसायिक प्रतिनिधि वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल बाहिरको व्यक्ति सम्झनु पर्छ ।

(झ) "नियमावली" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ सम्झनु पर्छ।

(ञ) "प्रतिफल" भन्नाले सेवाको आपूर्ति गर्दा त्यसको मूल्य बापत प्राप्त हुने कुनै पनि कुरा सम्झनु पर्छ।

(ट) "विद्युतीय सेवा" भन्नाले उपभोक्तालाई सेवा प्रदान गर्नका लागि सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रूपमा इन्टरनेटमार्फत प्रदान हुने देहाय बमोजिमका सेवालाई सम्झनु पर्छः-

(१) विज्ञापन सेवा,

(२) चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा,

(३) तथ्याङ्क संग्रह सम्बन्धी सेवा,

(४) क्लाउड सेवा,

(५) गेमिङ्ग सेवा,

(६) मोबाइल एप्लिकेशन सम्बन्धी सेवा,

(७) इन्टरनेट बजार स्थान सम्बन्धी (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने सेवा,

(८) सफ्टवेयरको आपूर्ति र अद्यावधीकरण,

(९) तथ्याङ्क, तस्वीर लगायतका डाउनलोड सेवा,

(१०) परामर्श, सीप विकास तथा तालिम सेवा,

(११) क्र.सं. (१) देखि (१०) को अतिरिक्त अन्य यस्तै प्रकृतिका सेवा।

(ठ) "विवरण" भन्नाले यस कार्यविधिको अनुसूची-३ बमोजिम दाखिला गर्नुपर्ने विवरण सम्झनु पर्छ।

(ड) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(ढ) "महानिर्देशक" भन्नाले विभागका महानिर्देशक सम्झनु पर्छ।

## ३. कर लगाउने आधार र दर सम्बन्धी व्यवस्था

(क) विद्युतीय सेवाको कारोबार रकममा कर असुल गरी दाखिला गर्नु पर्नेछ।

(ख) ऐनको दफा ७ बमोजिम करको दर तेह्र प्रतिशत हुनेछ।

(ग) नेपालमा विगत बाह्र महिनामा बीस लाख रूपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले दर्ता भई मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ। तर एकपटक कारोबारको सीमा नाघी मूल्य अभिवृद्धि करमा दर्ता भएको गैरबासिन्दा व्यक्तिले जतिसुकै रकमको कारोबार गरेको भए तापनि मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ।

(घ) उपभोक्ता बाहेक अन्यलाई नेपालमा उपलब्ध गराएको सेवा विद्युतीय सेवामा नपर्ने भएकोले यस्तो सेवामा गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि कर असुल गर्नु पर्दैन। उपभोक्ता बाहेक अन्य व्यक्तिले नेपाल बाहिरको व्यक्तिबाट खरिद गरेको सेवामा ऐनको दफा ८ को उपदफा (२) बमोजिम नै कर दाखिला गर्नु पर्नेछ।

(ङ) कुनै उपभोक्ताले आफूलाई उपभोक्ता बाहेकको व्यक्तिको रुपमा गलत घोषणा गरी सेवा उपभोग गरेको खण्डमा निज उपभोक्ता नै जिम्मेवार हुनेछ।

## ४. कर प्रशासन गर्ने निकाय सम्बन्धी व्यवस्था

यो करको प्रशासन ठूला करदाता कार्यालयले गर्नेछ।

## ५. दर्ता सम्बन्धी व्यवस्था

(क) नेपालमा विगत बाह्र महिनामा बीस लाख रुपैंयाभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले ऐनको दफा १०ख१. बमोजिम दर्ता भई यसरी दर्ता भएको मितिदेखि मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ।

(ख) गैरबासिन्दा व्यक्तिले खण्ड (क) बमोजिम कर असुल गर्नु पर्ने दायित्व सिर्जना भएको मितिले तीस दिनभित्र दर्ताको लागि विद्युतीय सेवा कर प्रयोजनका लागि दर्ता नभएको हकमा अनुसूची-१ बमोजिमको ढाँचामा र विद्युतीय सेवा करमा दर्ता भएको हकमा अनुसूची-१क बमोजिमको ढाँचामा विद्युतीय माध्यमबाट कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(ग) बार्षिक वीस लाख रुपैंया कारोबार नाघ्ने अनुमान भएको अवस्थामा समेत स्वेच्छाले दर्ता भई कारोबार गर्न सक्नेछ। यसरी दर्ता भएको मितिदेखि मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ।

(घ) गैरबासिन्दा व्यक्तिले दर्ताको लागि निवेदनसाथ देहाय बमोजिमका कागजातहरुको विद्युतीय प्रति (स्क्यान कपि) पेश (अपलोड) गर्नु पर्नेछः-

(१) बासिन्दा रहेको मुलुकमा दर्ता भएको कम्पनी दर्ताको प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(२) बासिन्दा रहेको मुलुकमा लिएको कर दर्ता पहिचान प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(३) कर प्रयोजनको लागि आधिकारिक व्यक्ति तोकिएको अधिकारनामा सम्बन्धी पत्र र उक्त व्यक्तिको पासपोर्टको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(४) गैरबासिन्दा व्यक्तिको तर्फबाट तोकिएको आधिकारिक व्यक्तिको तस्वर (फोटो),

(५) गैरबासिन्दा व्यक्तिको तर्फबाट तोकिएको आधिकारिक व्यक्तिको दस्तखतको नमुना,

(६) नेपालको कुनै नागरिकलाई कर प्रयोजनको लागि आधिकारिक प्रतिनिधि तोकिएको भए सो सम्बन्धी अधिकारनामा र निजको नागरिकता वा राहदानीको नोटरी प्रमाणित प्रतिलिपि।

(ङ) निवेदन प्राप्त भएको मितिले सात दिनभित्र कार्यालयले दर्ता गरी विद्युतीय माध्यम (अनलाइन) मार्फत अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र जारी गर्नेछ। कुनै कारणले दर्ता हुन नसकेमा कारण सहित गैरबासिन्दा व्यक्तिलाई जानकारी गराउनेछ।

(च) यस कार्यविधि बमोजिम दर्ता नहुने गैरबासिन्दा व्यक्तिलाई कर अधिकृतले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रत्येक पटक बीस हजार रूपैयाँ जरिवाना गर्न सक्नेछ।

## ६. बीजक तथा कारोबारको लेखाङ्कन सम्बन्धी व्यवस्था

(क) यस कार्यविधि बमोजिम दर्ता भएको गैरबासिन्दा व्यक्तिले विद्युतीय माध्यमबाट कर विजक जारी गर्न सक्नेछ। विक्रेताले आफ्नो नाम र स्थायी लेखा नम्बर, क्रेताको नाम र स्थायी लेखा नम्बर (उपलब्ध भएसम्म), मिति, सेवाको विवरण र मूल्य उल्लेख भएको जुनसुकै ढाँचामा बीजक जारी गर्न सक्नेछ। विद्युतीय माध्यमबाट कर विजक जारी गर्नका लागि विभागबाट स्वीकृति लिनु पर्ने छैन।

(ख) गैरबासिन्दा व्यक्तिले सेवा प्रदान गरेको बखत वा सेवाको प्रतिफल प्राप्त गरेको समयमध्ये जुन पहिले हुन्छ सोही समयमा त्यस्तो सेवाको आपूर्तिको बीजक जारी गर्नु पर्नेछ।

(ग) गैरबासिन्दा व्यक्तिले सेवाको आपूर्ति गर्दा उपभोक्ताबाट त्यसको प्रतिफल परिवर्त्य विदेशी मुद्रामा प्राप्त गरेमा कारोबार भएको अवधिको परिवर्त्य विदेशी मुद्रामा हिसाब राखी विवरण पेश गरेको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा र सो को हुने नेपाली रुपैयाँमा कारोबारको लेखाङ्कन गर्नु पर्नेछ।

७. <u>विवरण दाखिला सम्बन्धी व्यवस्था</u>

(क) गैरबासिन्दा व्यक्तिले ऐनको दफा १८ बमोजिमको कर विवरण कर अवधि समाप्त भएको महिनाको अर्को महिनाको पच्चीस गते भित्र यस कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा विद्युतीय माध्यम (अनलाइन) बाट कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(ख) कुनै गैरबासिन्दा व्यक्तिले तोकिएको समयभित्र कर विवरण पेश नगरेमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ज) बमोजिम लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम जरिवाना लाग्नेछ।

८. <u>कर दाखिला सम्बन्धी व्यवस्था</u>

(क) गैरबासिन्दा व्यक्तिले पेश गरेको विवरण बमोजिम दाखिला गर्नुपर्ने कर राजस्व शीर्षक नं. ३३३१६ मा विद्युतीय माध्यम (अनलाईन) बाट भुक्तानी गर्नु पर्नेछ।

(ख) कर तिर्नु पर्ने तोकिएको म्यादभित्र कर दाखिला नगरेमा ऐनको दफा २६ बमोजिम पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ।

(ग) कर तिर्नु पर्ने तोकिएको म्यादभित्र कर दाखिला नगरेमा ऐनको दफा १९ को उपदफा (२) बमोजिम दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।

९. <u>कारोबारको परीक्षण तथा कर निर्धारण सम्बन्धी व्यवस्था</u>

(क) कुनै गैरबासिन्दा व्यक्तिले करको दायित्व कम गरेको भन्ने कर अधिकृतलाई लागेमा ऐनको दफा २० बमोजिम कर निर्धारण गर्न सक्नेछ।

(ख) कारोबार रकम कम गरी वा लुकाई छिपाई कर दायित्व घटाएको पाइएमा ऐनको दफा २९ को उपदफा (२) बमोजिमको दण्ड तथा सजाय हुनेछ।

(ख) कर निर्धारणको प्रक्रिया ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ।

१०. <u>पुनरावेदन सम्बन्धी व्यवस्था</u>

(क) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझेमा गैरबासिन्दा व्यक्तिले ऐनको दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(ख) महानिर्देशकले गरेको निर्णयमा चित्त नबुझेमा गैरबासिन्दा व्यक्तिले ऐनको दफा ३२ बमोजिम राजस्व न्यायधिकरणमा पुनरावेदन दिन सक्नेछ।

## ११. दर्ता खारेजी सम्बन्धी व्यवस्था

(क) कुनै गैरबासिन्दा व्यक्तिले नेपालमा कारोबार गर्न छाडेमा वा कुनै कारणले दर्ता खारेजी गर्न चाहेमा ऐनको दफा ११ बमोजिम दर्ता खारेजी गर्नु पर्नेछ।

(ख) दर्ता खारेजीको लागि अनुसूची-४ बमोजिमको ढाँचामा विद्युतीय माध्यम (अनलाईन) बाट कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(ग) कुनै गैरबासिन्दा व्यक्तिले तिर्नु बुझाउनु पर्ने कर दायित्व चुक्ता नभएसम्म दर्ता खारेजी हुने छैन।

(घ) निवेदन प्राप्त भएको मितिले तीन महिनाभित्र कार्यालयले दर्ता खारेजी गरी सोको जानकारी गैरबासिन्दा व्यक्तिलाई दिनेछ। दर्ता खारेजी हुन नसक्ने भएमा सोको कारण खोली जानकारी गराउनु पर्नेछ।

अनुसूची-१

(कार्यविधिको दफा ५(ख) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**मूल्य अभिवृद्धि करमा दर्ताको निवेदन (गैरबासिन्दा व्यक्तिको लागि)**

| (क) गैरबासिन्दा व्यक्तिको सामान्य जानकारी | | |
|---|---|---|
| १. | व्यक्तिको प्रकार | प्रा.लि./लिमिटेड/साझेदारी/सार्वजनिक संस्थान/अन्य |
| २. | कानुनी नाम | |
| ३. | बासिन्दा रहेको मुलुकको व्यवसाय दर्ता नम्बर | |
| ४. | ठेगाना | |
| ५. | पत्राचारको ठेगाना | |
| ६. | बासिन्दा रहेको मुलुकमा कर प्रयोजनको लागि दर्ता भएको करदाता पहिचान नम्बर | |
| ७. | इमेल ठेगाना | |
| ८. | टेलिफोन नम्बर (देशको कोड सहित) | |
| ९. | मोबाइल नम्बर (देशको कोड सहित) | |
| १०. | अनुमानित बार्षिक कारोबार (नेपाली मुद्रामा) | |
| ११. | तोकिएको आधिकारिक व्यक्तिको नाम | |

| (ख) आधिकारिक व्यक्तिको विवरण | | | |
|---|---|---|---|
| १. | पहिलो नाम | बीचको नाम | अन्तिम नाम |
| | | | |
| २. | लिङ्ग | | |
| ३. | पद | | |
| ४. | जन्म मिति | | दिन/महिना/बर्ष |

| | | |
|---|---|---|
| ५. | राष्ट्रियता | |
| ६. | राहदानी नम्बर | |
| ७. | राहदानी जारी गर्ने देशको नाम | |
| ८. | बासिन्दा रहेको मुलुकमा कर प्रयोजनको लागि दर्ता भएको करदाता पहिचान नम्बर | |
| ९. | करदाता पहिचान नम्बर जारी गर्ने देशको नाम | |
| १०. | इमेल ठेगाना | |
| ११. | मोबाइल नम्बर (देशको कोड सहित) | |

| (ग) नेपाली प्रतिनिधिको विवरण (कर प्रयोजनको लागि नेपाली नागरिक प्रतिनिधि तोकिएको भएमा ) | | | |
|---|---|---|---|
| १. | पहिलो नाम | बीचको नाम | अन्तिमको नाम |
| | | | |
| २. | ठेगाना | | |
| ३. | लिङ्ग | | |
| ४. | जन्म मिति | | दिन/महिना/बर्ष |
| ५. | नागरिकता वा राहदानी नम्बर | | |
| ६. | स्थायी लेखा नम्बर | | |
| ७. | इमेल ठेगाना | | |
| ८. | मोबाइल नम्बर | | |

| (घ) विद्युतीय सेवाको प्रकार (छनौट गर्नुहोस) | | |
|---|---|---|
| १. | विज्ञापन | |
| २. | चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा | |
| ३. | तथ्याङ्क संग्रह सेवा | |
| ४. | क्लाउड | |

| | | |
|---|---|---|
| ५. | गेमिङ्ग | |
| ६. | मोबाइल एप्लिकेशन | |
| ७. | इन्टरनेट बजार स्थान (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने वस्तु तथा सेवा | |
| ८. | सफ्टवेयरको आपूर्ति र अद्यावधिक | |
| ९. | तथ्याङ्क, तस्वीरको डाउनलोड तथा अन्य यस्तै डाउनलोड सेवा | |
| १०. | परामर्श, सीप विकास तथा तालिम सेवा | |
| ११. | खण्ड १ देखि १० को अतिरिक्त अन्य यस्तै प्रकृतिका सेवा | |

| (ङ) पेश (अपलोड) गर्नुपर्ने कागजात (स्क्यान कपी) | |
|---|---|
| १. | बासिन्दा मुलुकमा रहेको कम्पनी दर्ता प्रमाण |
| २. | बासिन्दा मुलुकबाट जारी भएको करदाता पहिचान नम्बरको प्रमाणित प्रतिलिपि |
| ३. | आधिकारिक व्यक्ति तोकिएको पत्र |
| ४. | आधिकारिक व्यक्तिको राहदानी |
| ५. | आधिकारिक व्यक्तिको फोटो |
| ६. | आधिकारिक व्यक्तिको दस्तखतको स्क्यान प्रति |
| ७. | प्रतिनिधि तोकिएको भएमा सो पत्र |
| ८. | प्रतिनिधिको नागरिकता वा राहदानी |

| च) घोषणा |
|---|
| माथि उपलब्ध गराएका सूचना तथा कागजातहरु ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु। |
| आधिकारिक व्यक्तिको दस्तखतः- स्थानः- |
| पदः- ठेगानाः- |

अनुसूची-१क

(कार्यविधिको दफा ५(ख) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**मूल्य अभिवृद्धि करमा दर्ताको निवेदन (गैरबासिन्दा व्यक्तिको लागि)**

(विद्युतिय सेवा करमा दर्ता भइसकेको अवस्थामा भर्ने)

| (१) करदाताको सूचना | | | |
|---|---|---|---|
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | कारोबारको प्रकार | |
| हालसम्मको कारोबार रकम (नेपाली मुद्रामा) | | अनुमानित बार्षिक कारोबार रकम (नेपाली मुद्रामा) | |

| (२) घोषणा | |
|---|---|
| माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु। | |
| आधिकारिक व्यक्तिको दस्तखतः- | स्थानः- |
| पदः- | ठेगानाः- |

अनुसूची-२
(कार्यविधिको दफा ५(ङ) सँग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

| फोटो |
|---|

स्थायी लेखा नम्बर प्रमाणपत्र

| | |
|---|---|
| स्थायी लेखा नम्बर: | |
| कार्यालय: | |

| | |
|---|---|
| विद्युतीय सेवा करमा दर्ता मिति: | |
| मूल्य अभिवृद्धि करमा दर्ता मिति: | |

करदाताको नाम :

करदाताको प्रकार : गैरबासिन्दा व्यक्ति (किसिम.......)

ठेगाना :

कारोबार : विद्युतीय सेवाको आपूर्ति (किसिम................)

................................
करदाताको दस्तखत
(दर्ताको निवेदनमा भएको दस्तखत स्वतः आउने)

..................................
कर अधिकृतको दस्तखत

अनुसूची-३
(कार्यविधिको दफा ७(क) सँग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

**मूल्य अभिवृद्धि कर विवरण (गैरबासिन्दा व्यक्तिको लागि)**

| | | | |
|---|---|---|---|
| नेपाली बर्ष | | नेपाली महिना | |
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | | |

रकम नेपाली मुद्रामा

| विवरण | कारोबार रकम | कर रकम |
|---|---|---|
| बिक्री | XXX | XXX |
| अन्य समायोजन (अघिल्लो अवधिको छुट/भुल भएको रकम समायोजन गर्ने) | | (+/-) xx |
| भुक्तानी गर्नु पर्ने कर | | Xxxx |

**<u>बिक्री विवरण (एक्सेल फाइलमा अपलोड गर्न सकिने)</u>**

बर्ष--------- महिना.......

| क्र.सं. | बीजक नम्बर | उपभोक्ताको नाम | स्थायी लेखा नं. (उपलब्ध भएकोमा) | जम्मा बिक्री रकम | करयोग्य बिक्री | मूल्य अभिवृद्धि कर रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु।
आधिकारिक व्यक्तिको दस्तखतः- स्थानः-
पदः- ठेगानाः-

अनुसूची-४

(कार्यविधिको दफा ११(ख) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**दर्ता खारेजीको निवेदन**

**(गैरबासिन्दा व्यक्तिको लागि)**

| १. करदाताको विवरण | | | |
|---|---|---|---|
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | | |

| २. करदाताको चालु अवधिको विवरण | |
|---|---|
| कर अवधिको विवरण पेश गरेको मिति | |
| कर दायित्व | |
| कर भुक्तानी मिति | |
| भौचर मिति | |

| ३. दर्ता खारेजी गर्नुपर्नाको कारण |
|---|
| |

| ४. करदाताको घोषणा | |
|---|---|
| माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु। | |
| आधिकारिक व्यक्तिको दस्तखतः- | स्थानः- |
| पदः- | ठेगानाः- |